प्रदेश सरकार

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश विराटनगर

## प्राङ्गारीक मल प्रयोगमा अनुदान कार्यक्रमका लागि सूचीकरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/१८ गते**

यस मन्त्रालयको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रममा स्वीकृत रहेको **प्राङ्गारीक मल प्रयोगमा अनुदान** कार्यक्रम कार्यान्वयनका लागि यो सूचना प्रकाशन गरिएको छ ।यस कार्यक्रम मार्फत नियमानुसार सम्बन्धित निकायमा दर्ता भएका कोशी प्रदेश भित्रका प्राङ्गारीक/ जैविक/ भर्मिकम्पोष्ट लगायतका प्राङ्गारीक मल उत्पादकले कृषकलाई मल विक्री वितरण गर्दा मन्त्रालयले उपलब्ध गराउने प्रति के.जी रु. १०/- का दरले सहुलियत/अनुदान प्रदान गरी विक्री वितरण गर्न ईच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र देहाय बमोजिमका कागजात सहित यस मन्त्रालयमा सूचिकृत हुन आह्वान गरिन्छ ।

थप जानकारीका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत **श्री अभिमन्यू अधिकारी** मोवाईल नं. ९८५२०३५०४९ मा कार्यालय समयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

<u>देहाय :-</u>

१. व्यवसाय दर्ता भएको प्रमाण-पत्र , PAN/VAT दर्ता प्रमाण-पत्र र कर चुक्ता प्रमाण-पत्र ।

२. प्राङ्गारीक मल उत्पादन परिमाण, सहुलियतमा उपलब्ध गराउन सक्ने मलको परिमाण र उपलब्ध हुने स्थान ।

३. खरिद गर्न चाहने कृषकहरुको लागि न्यूनतम विक्री मुल्य ।

४. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका २०७८ को अनुसुची १ मा उल्लेख भए अनुसार सरकारी निकाय बाट मान्यता प्राप्त प्रयोगशालाको प्रतिवेदन ।

५. सम्बन्धित निकायमा सूचिकृत भएको प्रमाण-पत्र ।

सचिव